# शोधवृति (अनुसन्धान) सहयोग सम्वन्धी सूचना ।

विशाल घिमिरे
प्रदेश सचिव

(प्रथम पटक प्रकाशित मितिः २०८०/१०/१०)

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगरको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्नातक, स्नातकोत्तर र विधावारिधी तहमा अध्ययनरत विद्यार्थीहरुलाई शोधवृति वितरण गर्ने सम्वन्धमा यस मन्त्रालयको कर्यक्षेत्र भित्र पर्ने वन, वनस्पति, जीव वा वातावरण विज्ञान विषय लिइ स्नातक तह चौथो, स्नातकोत्तर तह दोस्रो वर्ष र विद्यावारिधी तहमा अध्ययनरत भइ शोध अनुसन्धानका लागि यस प्रदेशको कुनैपनि जिल्ला वा क्षेत्र छनौट गरेको विद्यार्थीलाई शोधवृति प्रदान गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यस सम्वन्धी थप जानकारीका लागि मन्त्रालयको जैविक विविधता शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

क. अनुदान रकमः प्रचलित कानून वमोजिम गरिने करकट्टी र कुल अनुदान रकमको ४ प्रतिशतले हुन आउने कन्टिन्जेन्सी रकम समेत गरी स्नातक तहका लागि प्रति विद्यार्थी रु. ५०,०००/- (पचास हजार रुपैया) का दरले जम्मा १० जना, स्नातकोत्तर तहका लागि प्रति विद्यार्थी रु. ५०,०००/- (पचास हजार रुपैया) का दरले जम्मा ६ जना र विद्यावारिधी तहका लागि प्रति विद्यार्थी रु. १,५०,०००/- (एक लाख पचास हजार रुपैया) का दरले जम्मा २ जनालाई प्रदान गरिने ।

ख. अनुदान क्षेत्रः वन विज्ञान, वनस्पति विज्ञान, जीव विज्ञान र वातावरण विज्ञान ।

ग. दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशन मितिको १५ दिन भित्र ।

घ. विद्यार्थीहरुले दरखास्त साथ निम्न कागजातहरु पेश गर्नुपर्नेछः

१. विद्यार्थीले शोधवृति पाउनका लागि लेखेको सक्कल निवेदन- १ प्रति
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी- १ प्रति
३. अध्ययनरत संस्थाको सिफारिस पत्र- १ प्रति
४. अनुसन्धान प्रस्ताव- १ प्रति
५. विद्यार्थी र सुपरिवेक्षकको वायोडाटा- १ प्रति
६. सम्वन्धित तहहरुको अघिल्लो सबै परीक्षाहरु उत्तीर्ण भएको देखिने मार्कसिट वा ग्रेडसिटको प्रतिलिपिहरु
७. अन्य निकायहरुबाट शोधवृति नलिएको भन्ने स्व-घोषणा पत्र

ङ. शोध प्रस्ताव (Thesis Proposal) निम्न ढाँचामा तयार गरि पेश गर्नुपर्नेछः

- परिचय
- पृष्ठभूमी (बढिमा ६०० शब्द)
- समस्याको पहिचान (बढिमा ६०० शब्द)
- लक्ष्य र उद्देष्य
- अध्ययन अनुसन्धान विधि
- अध्ययन गरिने क्षेत्र
- तथ्याङ्क संकलन विधि
- तथ्याङ्कको लागि नमूना छनौट विधि
- तथ्याङक विष्लेषण विधि
- अध्ययन समय तालिका (वि.सं. २०८१ जेष्ठ मसान्तसम्ममा सकिने गरी)
- हासिल हुने नतिजा (बढिमा १५० शब्द)
- आवश्यक रकम विभाजन
- सन्दर्भ सामाग्री

च. दरखास्त दिने स्थानः पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर

छ. शोध प्रस्तावहरुको मूल्याङकन मन्त्रालयको स्वीकृत "कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०८०" बमोजिम हुनेछ ।